Rush-Henrietta Central School District
www.rhnet.org

# K-5 स्कूल बस पासहरूको व्यवस्थापनका सम्बन्धमा जिल्लाले घोषणा गरेको परिवर्तनहरू

डिसेम्बर 2016

आदरणीय माता-पिता वा अभिभावक:

रश-हेनरिटा सेन्ट्रल स्कूल जिल्ला आफ्ना विद्यार्थीहरूका लागि सुरक्षित र सामयिक यातायातको व्यवस्था गर्न प्रतिबद्ध रहेको छ। हामीले प्रत्येक दिन जिल्ला बसहरूमा लगभग 6,000 विद्यार्थीहरूलाई ओसारपसार गर्दै प्रत्येक विद्यालय वर्षमा दस लाख माइल भन्दा बढी यात्रा पूरा गर्ने क्रममा हामीले उपलब्ध गर्ने सेवाबारे हामी गर्व गर्छौं।

दुर्भाग्यवस्, गत केही वर्ष भित्रमा बस पासहरूको माध्यमबाट पिक-अप तथा ड्रप-अफ लोकेशनहरूमा परिवर्तन गर्ने दैनिक अनुरोधहरूको सङ्ख्यामा आश्चर्य जनक वृद्धि भएको कारण हाल हाम्रा विद्यार्थीहरूलाई सुरक्षित, भरपर्दो, तथा सामयिक यातायात उपलब्ध गर्ने हाम्रो क्षमतामा प्रभाव पर्दैछ। सेप्टेम्बरमा, हाम्रो प्राथमिक स्कूलहरूमा बस समय तालिका परिवर्तनहरूको लागि 1,000 भन्दा बढी अनुरोधहरू आएको थियो, जसको कारण बस ढिलो हुन गएर त्यस पछिको मार्गहरूमा प्रभाव पारि विद्यार्थीहरू गलत ड्रप-अफ स्थलमा पुग्ने सम्भावना बढेको थियो। यो वास्तवमा नै हाम्रा स-साना विद्यार्थीहरूका लागि एउटा डर लाग्ने अनुभव हो।

हामी अब बस समय तालिकाहरूमा अन्तिम-समयको परिवर्तनहरू स्वीकार गर्न असमर्थ रहने छौं र जनवरी 3, 2017 देखि लागु हुने गरि बस पासहरूको अनुरोधहरूमा सीमा लगाउन शुरु गर्नेछौं।

**मङ्गलवार, जनवरी 3, 2017 देखि:**

- **बस समय तालिका परिवर्तनहरूको अनुरोधहरू गर्दा परिवर्तन गर्ने हप्ता भन्दा पहिलाको बुधवार भित्रमा लिखित रूपमा मुख्य कार्यालयमा प्राप्त गरेको हुनुपर्छ।** उदाहरणको लागि, यदि तपाईंको बच्चा बिहीवार, जनवरी 19 मा अर्कै ठाउँमा जानु पर्छ भने, यो अनुरोध मुख्य कार्यालयमा बुधवार, जनवरी 11 मा वा त्यसभन्दा पहिला प्राप्त गरेको हुनु पर्छ।

- **बस समय तालिका परिवर्तनको अनुरोध गर्ने म्याद, विद्यार्थीले नियमित बस चढ्ने भएपनि, पिक-अप वा ड्रप-अफ स्थलको परिवर्तनमा पनि लागु हुनेछ (जस्तै, घरमा नभएर छिमेकीको घरमा ड्रप अफ गर्ने)।**

- **कुनैपनि बस पासहरू आफ्नो सुविस्ता, सामाजिक कार्यक्रम, वा स्कूल परियोजनाहरूका लागि जारी गरिने छैन।**

- **आपातकालीन परिस्थिति (अनपेक्षित कठिनाइ) हरूमा परिस्थिति अनुसार बिल्डिङ प्रिन्सिपलद्वारा व्यवस्था गरिने छ। सेप्टेम्बर 2017 देखि, धेरैजसो आपातकालीन परिस्थितिहरूमा, विद्यार्थीलाई, माता-पिताकोखर्चमा, उक्त दिनको लागि स्कूलको आफ्टर-स्कूल कार्यक्रममा राख्ने सुझाव गरिन्छ।**

उक्त परिवर्तनहरूद्वारा पर्न सक्ने असुविधाबारे हामी क्षमा प्रार्थी छौं, साथै जिल्लाले विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्ने र विद्यार्थी तथा माता-पिताहरूलाई बाधा कम गर्ने उद्देश्यले उक्त उपायहरू गरेको भनेर तपाईंले बुझ्नु भएको छ भन्ने हामी आशा राख्छौं । तपाईंको बच्चाका लागि सुरक्षित, भरपर्दो, तथा सामयिक यातायात कायम राख्ने हामीले हर सम्भव प्रयास गर्ने क्रममा हामी तपाईंको निरन्तर सहयोगको प्रशंसा गर्छौं।

यदि यी परिवर्तनहरू लागु गर्नेबारे तपाईंको कुनैपनि प्रश्नहरू भए, कृपया निम्न सूची अनुसार प्राय सोधिएका प्रश्नहरूमा हेर्नुहोस्। तपाईंसँग भएको अन्य कुनैपनि प्रश्नको जवाफ दिन तपाईंको विद्यार्थीको बिल्डिङ प्रिन्सिपल वा शिक्षा परिशदको विद्यार्थी यातायात सम्पर्क व्यक्ति पनि उपलब्ध रहने छन्।

सहृदय,

जे. केन्थ ग्राह्म जुनियर, Ph.D.
स्कूल अधीक्षक

Rush-Henrietta Central School District
www.rhnet.org

# प्राथमिक स्कूल यातायात
# प्राय सोधिएका प्रश्नहरू

1. **प्रत्येक साल एक दुई पटक, मेरो बच्चा बसद्वारा कुनै साथीको घरमा जाने अनुरोध गर्छ। के यसको अनुमति छ?** अहँ छैन। बस समय तालिका परिवर्तनहरू आफ्नो सुविस्ता वा सामाजिक कार्यक्रमहरूका लागि अनुमति छैन। यो यातायात तपाईंले उपलब्ध गर्नु पर्छ।

2. **प्रत्येक साल एक दुई पटक, मेरो बच्चा बसबाट झर्ने बेलामा म समयमा घर पुग्न नसक्ने परिस्थिति आउँछ। के यस्तो दिनमा मेरो बच्चालाई एउटा अर्के स्थलमा झार्न सकिन्छ?** यदि तपाईंले ड्रप-अफ स्थलमा यो परिवर्तन पहिलाको हप्ताको बुधवार भित्रमा गर्नु भएमा, यसो गर्न सकिन्छ। अन्यथा, यदि तपाईंको अनुरोधलाई अनपेक्षित आपातकालीन अवस्था ठहर भएमा मात्र।

3. **मेरो बच्चा हरेक दिन आफ्टर-स्कूल बाल स्याहार कार्यक्रममा भाग लिन्छ। यद्यपि, म कुनै दिन आफ्नो घरमा हुन्छु र मेरो बच्चा बसबाट घरमा आवोस् भन्ने चाहन्छु। के यसको अनुमति छ?** यदि तपाईंले ड्रप-अफ स्थलमा यो परिवर्तन पहिलाको हप्ताको बुधवार भित्रमा गर्नु भएमा, यसो गर्न सकिन्छ। अन्यथा, यदि तपाईंको अनुरोधलाई अनपेक्षित आपातकालीन अवस्था ठहर भएमा मात्र।

4. **मेरो बच्चालाई हप्ताको तीन पटक एउटा बाल स्याहार प्रदायकमा र अर्को दुई दिन अर्के बाल स्याहार प्रदायककहाँ ड्रप अफ गरिन्छ। यद्यपि, कुनै कुनै हप्तामा भने उक्त ड्रप अफ लोकेशनमा हेरफेर पनि गर्नु पर्न सक्छ। के यसको अनुमति छ?** यदि तपाईंले ड्रप-अफ स्थलमा परिवर्तन पहिलाको हप्ताको बुधवार भित्रमा गर्नु भएमा, यसो गर्न सकिन्छ। अन्यथा, यदि तपाईंको अनुरोध लाई अनपेक्षित आपातकालीन अवस्था ठहर भएमा मात्र।

5. **यदि मैले मेरो बच्चाको बस ड्रप-अफ स्थल परिवर्तन गर्न नसकेमा, के उक्त दिनमा मेरो बच्चालाई स्कूलको आफ्टर स्कूल बाल स्याहार कार्यक्रममा भाग लिन दिइन्छ?** यसो गर्न सकिन्छ, सेप्टेम्बर 2017 देखि यो सम्भव हुनेछ। यो सेवाका लागि एउटा शुल्क लाग्नेछ र तपाईंले आफ्नो बच्चालाई कार्यक्रम घण्टा भित्र पिक अप गर्न आवश्यक छ।

6. **यी विद्यार्थी यातायात नीतिहरू कहाँबाट पाउन सक्छु?** तीन वटा सम्बन्धित विद्यार्थी यातायात नीतिहरू छन्: नीति 8410, नीति 8411, तथा नियमावली 8411-R। उक्त नीतिहरू जिल्लाको वेबसाइट (www.rhnet.org) मा राखिएको छ।

7. **उक्त विद्यार्थी यातायात नीतिहरूबारे प्रश्नहरू सोध्न वा चिन्ता जताउनु परेमा मैले कोसँग सम्पर्क गर्न सक्छु?** तपाईंले शिक्षा परिशदको विद्यार्थी यातायात सम्पर्क व्यक्ति, सान म्याककर्मिकलाई, smccormick@rhnet.org मा सम्पर्क गर्न सक्नुहुन्छ।